# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) सुन्दरबजार, कार्तिक २८ गते, २०८२ साल (संख्या १३)


## भाग २

### सुन्दरबजार नगरपालिकाको मेला महोत्वस व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना : सुन्दरबजार नगरपालिका भित्र विभिन्न उद्देश्यका साथ सञ्चालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदी प्रवर्द्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गराउदै मेला महोत्सवले बोकेका उद्देश्यलाई मुर्तरुप दिने कार्यमा सहयोग पुऱ्याई दर्शक तथा श्रोता मैत्री ढंगवाट मेला महोत्सव सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ७ को अधिनमा रही मिति २०८२/०७/२८ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरि यो कार्यविधि लागु गरिएको छ ।

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

**परिच्छेद १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **सुन्दरबजार नगरपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८२** रहेको छ ।

ख) यो कार्यविधि सुन्दरबजार नगर कार्यपालिकाको वैठकवाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा**

क) "मेला महोत्सव" भन्नाले सुन्दरबजार नगरपालिका भित्र गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यीक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि, खेलकुद आदी प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई जनाउने छ ।

ख) "मूल आयोजक" भन्नाले मेला महोत्सव सञ्चालन गर्न नगरपालिकावाट अनुमति प्राप्त संस्था वा निकायलाई जनाउने छ ।

ग) "नगरपालिका" भन्नाले सुन्दरबजार नगरपालिका, लमजुङलाई जनाउने छ ।

घ) "विषयगत संस्था वा कार्यालय" भन्नाले विषयगत क्षेत्रमा काम गर्ने उद्धेश्य बोकेको संस्था वा कार्यालयलाई जनाउने छ ।

ङ) "समिति" भन्नाले मेला महोत्सव व्यवस्थापन समितिलाई जनाउनेछ ।

**परिच्छेद २**
**मेला महोत्सव सञ्चालन अनुमति प्रदान विधि**

**३. मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाको अनुमति लिनु पर्ने :**

क. नगरपालिका भित्र मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले नगरपालिकामा मेला महोत्सव सञ्चालन हुने प्रस्तावित मितिभन्दा कम्तीमा एक महिना अगाडी देहायका कागजात सहित अनुसूचि-१ मा उल्लेख भए अनुसारको आवेदन पेश गर्नु पर्नेछ ।

क) संस्था दर्ता प्रमाण पत्र (नविकरण सहित) ।
ख) संस्थाको विधानको प्रतिलिपि
ग) कर चुक्ता प्रमाणपत्र ।
घ) मेला महोत्सव सञ्चालन हुने स्थानको स्वामित्व प्राप्त संस्था/निकायको सहमति ।

ख. आयोजक संस्थावाट पेश भएका प्रस्तावहरुलाई आवश्यक अध्ययन गरी दफा ६ वमोजिमको समितिले सञ्चालन अनुमति दिन सक्नेछ ।

तर

परम्परागत रुपमा नियमित हुने धार्मिक, सांस्कृतिक प्रकृतिका मेला महोत्वसव सञ्चालन गर्न नगर प्रमुखबाट अनुमति प्रदान गर्न सकिनेछ ।

**४. मुल आयोजकले धरौटी राख्नु पर्ने :** मेला महोत्सवको उद्देश्य कोष वृद्धि वा आय आर्जन समेत भएमा आयोजकले रु.५०,०००। (पचास हजार मात्र) धरौटी राख्नु पर्नेछ। सो धरौटी रकम मेला महोत्सव सम्पन्न भएपछि पेश गरेको प्रतिवेदनको आधारमा नगरपालिकालाई बुझाउनुपर्ने दायित्व भुक्तानी गरिसकेपश्चात आयोजकले फिर्ता पाउनेछ। तर,
मेला महोत्सव सञ्चालन अनुमति प्रदान गर्दा नगरपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरु पालना नगरेमा धरौटी रकम नगरपालिकाले जफत गर्न सक्नेछ।

**५. व्यवसाय कर तथा मनोरञ्जन कर :** मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायीहरुले व्यवसायिक स्टलहरुका बुकिङ्ग संगै मुल आयोजक मार्फत स्टल बुकिङ रकमको १० प्रतिशत रकम व्यवसाय कर बापत नगरपालिकालाई बुझाउनु पर्नेछ भने मनोरञ्जन करका हकमा प्रत्येक टिकटमा टिकट दरको ५ प्रतिशत मनोरञ्जन कर मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र नगरपालिकामा दाखिला गर्नु पर्नेछ। गैर व्यवसायिक सन्देशमुलक स्टलहरुका हकमा नगरपालिकाले छुट दिन सक्नेछ। नगरपालिकाको आर्थिक ऐनमा अन्यथा लेखिएको भएमा व्यवसाय कर तथा मनोरञ्जन करको दर सोही अनुसार हुनेछ।

## परिच्छेद ३
## मेला महोत्सव व्यवस्थापन समिति

**६. मेला महोत्सव व्यवस्थापन समतिको गठन :**

१. मेला महोत्सव व्यवस्थापन समिति निम्नानुसार रहनेछ।

अध्यक्ष : नगरपालिका प्रमुख
उपाध्यक्ष : नगरपालिका उप प्रमुख
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : नगरपालिकाको आर्थिक विकास समतिको संयोजक
सदस्य : मेला महोत्सव सञ्चालन हुने वडाको वडा अध्यक्ष
सदस्य : अधिकृत प्रतिनिधि इलाका प्रहरी कार्यालय, भोटेओडार
सदस्य सचिव : प्रशासन शाखाको शाखा प्रमुख

२. मेला महोत्सवको प्रकृति अनुसार सो सम्वन्धी व्यवसायिक छाता संगठनका प्रतिनिधि, विज्ञ वा जानकार विषयगत निकायका प्रमुखलाई आवश्यकताका आधारमा समितिको वैठकमा अध्यक्षले आमन्त्रण गर्न सक्नेछ।

३. मेला महोत्सव व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार : यस समितिको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ।

क. मेला महोत्सव सञ्चालन गर्न अनुमति प्रदान गर्ने।
ख. सम्झौताका शर्त वमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने र शर्त वमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए वमोजिमको दण्ड सजाय गराउने।

ग. मेला महोत्सवको उद्देश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मुल आयोजकलाई उद्देश्य अनुसारका कार्य गर्न लगाउने ।

घ. मेला महोत्सव सञ्चालनका क्रममा देखा पर्ने सुरक्षा सम्वेदनशिलताका बारेमा सम्बन्धित निकायसँग परामर्श लिने ।

ङ. कुनै विशेष कारण समितिले देखेमा मेला महोत्सव स्थगन वा बन्द गर्ने ।

## परिच्छेद-४
## आयोजकले पालना गर्ने/गराउनुपर्ने शर्तहरु

**७. दर्शक तथा सम्पत्ति सुरक्षा व्यवस्थापन :** मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्था मूल आयोजकले गर्नु पर्नेछ ।

**८. खानेपानी तथा फोहरमैला व्यवस्थापन :**

क. आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुट्टा छुट्टै शौचालय व्यवस्था गर्नुपर्नेछ ।

ख. आयोजकले मेला महोत्सव स्थलमा दैनिक सरसफाईको प्रवन्ध गर्नुपर्ने छ ।

ग. मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा शुद्ध खानेपानीको प्रवन्ध गर्नुपर्नेछ ।

घ. मेला महोत्सव समाप्ती पश्चात सामग्री उठाउन पूर्व मेला महोत्सव स्थलको पूर्णरुपमा सरसफाई गर्नुपर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहर व्यवस्थापनका लागि खनिएका खाल्डाहरु पुरि सम्याउनुपर्नेछ ।

ङ. मेला महोत्सवको सम्पूर्ण सामाग्री मेला महोत्सव समाप्ती पश्चात ७ दिन भित्र उठाइ सक्नु पर्नेछ ।

**९. ध्वनि व्यवस्थापन :** आयोजकले मेला महोत्सव स्थल भन्दा वाहिर असर नपर्ने गरी साउण्ड सिस्टमको व्यवस्थापन गर्नु पर्नेछ ।

**१०. अनुमति बेगरका काम गर्न नहुने :** मेला महोत्सव व्यवस्थापन समितिद्धारा स्वीकृत प्रस्ताव वमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जन स्टल वाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवस प्रस्तावमा उल्लेख भएको वाहेक फरक काम गनुपर्ने अवस्थामा समितिको पुर्व स्वीकृती लिनु पर्नेछ ।

**११. स्टल बुकिङ्गमा स्थानीय आरक्षण व्यवस्थापन:** १. मेला महोत्सवमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन निम्नानुसारको न्यूनतम कोटा वमोजिम गर्नुपर्नेछ ।

क. सूचना एवं सन्देशमूलक प्रर्दशनिका लागि ५ प्रतिशत

ख. गण्डकी प्रदेश भित्र उत्पादन हुने वस्तुको लागि १० प्रतिशत

ग. सुन्दरबजारभित्रका उत्पादन तथा व्यवसायिका लागि २० प्रतिशत

घ. नयाँ प्रविधि प्रर्दशन एवं विक्रिका लागि १० प्रतिशत

ङ. सवै व्यवसायिका लागि खुल्ला बिक्रिका लागि २० प्रतिशत

२. उपदफा १ वमोजिमका स्टल वितरणको लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ्ग खुल्ला गरे पश्चात वाँकी रहेका स्टलमा जुनसुकै व्यवसायीहरुले व्यवसाय गर्न पाउने गरि मूल आयोजकले सूचना आव्हान गर्नुपर्नेछ ।

**१२. प्राथमिक उपचारको व्यवस्था:** मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको व्यवस्था मिलाउनु पर्नेछ ।

**१३. जुवा, तास लगाएत कानून वमोजिम निषेधित कार्य गर्न गराउन पाइने छैन ।**

**१४. आँच आउने क्रियाकलाप गर्न नपाइने :** राष्ट्रियता तथा स्थानीय सामाजिक, सांस्कृतिक मर्यादामा आँच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन ।

**१५. स्थानीयतालाई प्राथमिकता :** मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानीयतालाई प्राथमिकता दिनु पर्नेछ । कला संस्कृति प्रर्दशन गर्दा स्थानीयकला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्ने छ ।

**१६. आम्दानी खर्च सार्वजनिक गर्नु पर्ने :** मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन नगरपालिकामा बुझाउनुका साथै आम्दानी खर्च सार्वजनिक समेत गर्नु पर्नेछ ।

## परिच्छेद ५
## विविध

**१७. रोक लगाउन सक्ने :** नगरपालिकासँग गरिएको शर्त पुरा नगर्नेलाई निश्चित अवधि सम्म मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाले रोक लगाउन वा मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर नगर कार्यपालिकाले तोके वमोजिमको जरिवाना गर्न वा दुवै कारवाहि गर्न सक्नेछ ।

**१८. दण्ड जरीवाना :** आयोजकले व्यवस्थापन समितिबाट प्राप्त स्वीकृती बेगर अन्य काम कारवाही गरेमा नगरपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्नेछ ।

१. कानुन विपरितका कार्य गरेमा वा गराएमा पहिलो पटक रु. १००००।- र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ ।

२. प्रदुषण गरेमा रु. ५०००।- र प्रदुषण हटाउन लाग्ने रकम असुल गरिनेछ ।

३. अनुगमन टोलिको सुझाव पालना नगरेमा रु ५०००। र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ ।

**१९. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम हुने छन र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२०. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२१. संशोधन तथा खारेजीः** यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

## अनुसूचि-१
## (दफा ३ (१) सँग सम्बन्धीत)
## आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम् विषयहरु

**१. आवेदक संस्थाको परिचय** नाम, दर्ता, नविकरण, उद्देश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनीय काम ।

२. मेला महोत्सवका विषयमा मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्देश्य, पुरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरुको विवरण ।

**३. मेला महोत्सवको आर्थिक पक्ष** मेला महोत्सव सञ्चालन गर्न आवश्यक रकम, उपलब्धताको स्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र वचत रकमको उपयोग क्षेत्र, टिकट दर, टिकटमा विद्यार्थी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगाएतका लागि विशेष छुट नीति

४. मेला महोत्सवको व्यवस्थापन पक्ष

क. व्यवसायिक स्टल रहने नरहने, सन्देश मुलक एवं क्षेत्रगत प्रवर्द्धनमुलक स्टल के के रहने ? व्यवसायिक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ।

ख. दर्शक मैत्री नीति (सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुट आदी) के के छन् ।

ग. स्टलहरु रहने भएमा वितरण नीति ।

५. मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ।

६. मेला महोत्सव सञ्चालनपछि देखिने उपलब्धी ।

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

**अनुसूचि-२**
**(दफा ३ (२) सँग सम्बन्धीत)**
मेला महोत्सव सञ्चालनअनन्नुमतिको ढाँचा

विषय : मेला महोत्सव सञ्चालनअनुमति पत्र ।

श्री.........................................
...................................... ।

त्यस संस्थाले यस नगरपालिका क्षेत्र भित्र ............................. मेला महोत्सव सञ्चालनका लागि अनुमति माग भएकोमा यस नगरपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि २०८२ को दफा ३ वमोजिम कार्यविधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरु पालना गर्ने गराउने गरी निम्नानुसारको मिति, समय र स्थानमा मेला महोत्सव सञ्चालन गर्न मिति २०....।.....। गते वसेको ............... स्तरीय निर्णयानुसार यो अनुमति पत्र प्रदान गरिएको छ ।

मेला महोत्सवको नाम ........................................................
मेला सञ्चालन हुने मिति .................... देखि ................ सम्म ।
समय : प्रत्येक दिन विहान............वजे देखि............ वजे सम्म ।
स्थान :............................................
अनिवार्य पालना गर्नु पर्ने शर्तहरु
१.कार्यविधिको दफा ७ देखि १८ मा उल्लेखित बुँदाहरु

**वोधार्थ**
श्री जिल्ला प्रशासन कार्यालय, लमजुङ
श्री जिल्ला प्रहरी कार्यालय, लमजुङ ।

***प्रमाणीकरण मिति : २०८२/०७/२८***

**आज्ञाले**
**रमेश घर्ति**
**नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत**

**सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित । मूल्य रु १०।-**